आज मिति २०७६।१२।३० गते निजगढ नगरपालिकाका प्रमुख तथा नगर कार्यपालिका अध्यक्ष श्री सुरेश कुमार खनाल ज्यूको अध्यक्षतामा निजगढ नगर कार्यपालिकाको ८१ औं बैठक देहाय बमोजिमका पदाधिकारीहरुको उपस्थितिमा बसी देहाय बमोजिमका निर्णय गरियो ।

उपस्थिति :

१. प्रमुख श्री सुरेश कुमार खनाल, निजगढ नगरपालिका
२. उप-प्रमुख श्री लिला देवी लामिछाने खनाल, निजगढ नगरपालिका
३. वडा अध्यक्ष- वडा नं १ श्री मंगले लोप्चन
४. वडा अध्यक्ष- वडा नं २ श्री केशव प्रसाद उपाध्याय ढोडारी
५. वडा अध्यक्ष- वडा नं ३ श्री जीत बहादुर तामाङ
६. वडा अध्यक्ष- वडा नं ४ श्री जयराम कुवँर
७. वडा अध्यक्ष- वडा नं ५ श्री थल प्रसाद गौतम
६. वडा अध्यक्ष- वडा नं ६ श्री कुश बहादुर थापा
७. वडा अध्यक्ष- वडा नं ७ श्री रामजी प्रसाद बजगाई
८. वडा अध्यक्ष- वडा नं ८ श्री टेक बहादुर लामा
९.वडा अध्यक्ष- वडा नं ९ श्री सुदर्शन प्रसाद बडाल
१०. वडा अध्यक्ष- वडा नं १० श्री पदम बहादुर मोक्तान
११. वडा अध्यक्ष- वडा नं ११ श्री प्रेम बहादुर रुम्बा
१२. वडा अध्यक्ष- वडा नं १२ श्री ज्ञान बहादुर गोले
१३. वडा अध्यक्ष- वडा नं १३ श्री सुर्य घलान
१४. नगर कार्यपालिका सदस्य श्री जगत कुमारी अधिकारी
१५. नगर कार्यपालिका सदस्य श्री निमादेवी विश्वकर्मा
१६. नगर कार्यपालिका सदस्य श्री मिनमाया लामा
१७. नगर कार्यपालिका सदस्य श्री राधा कुमारी पुलामी मगर
१८. नगर कार्यपालिका सदस्य श्री लक्ष्मी गौतम
१९. नगर कार्यपालिका सदस्य श्री पदम बहादुर भुजेल
२०. नगर कार्यपालिका सदस्य श्री पवन विश्वकर्मा
२१. नगर कार्यपालिका सदस्य श्री सरिता राई दनुवार
२२. प्रमुख प्रशासकीय अधिकृत सदस्य-सचिव श्री विशकसेन ढकाल

आमन्त्रित :

१. अधिकृत सातौं श्री पदमराज तिमल्सिना

२. सब-ईन्जिनियर श्री नविन खनाल

३. सहायक चौथो श्री रिजा पोखरेल

प्रस्ताव तथा निर्णयहरु :

प्रस्ताव नं १. राहत वितरण सूची स्वीकृत गर्ने सम्बन्धमा ।

निर्णय नं १ : कोरोना भाइरस कोभिड १९ को लकडाउनको समयमा असंगठित क्षेत्रमा कार्यरत मजदुर, श्रमिक तथा विपन्न वर्गका व्यक्ति तथा परिवारलाई राहत वितरण गर्नका लागि वडा-वडाबाट निर्णय भई आएका देहाय बमोजिमको वडागत सूचीमा समावेश भए बमोजिम राहत वितरण गर्ने निर्णय गरियो । साथै उक्त बमोजिम सूची वेभसाइटमा सार्वजनिक रुपमा प्रकाशित गर्ने निर्णय गरियो ।

विपन्न परिवारको वडागत लागत संकलन विवरण-२०७६

| सि.नं. | वडा नं | विपन्न परिवारको घरधुरी संख्या | परिवार संख्या | | | समितिको निर्णय भएको/नभएको | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | क वर्ग(२ जना सम्म परिवार सदस्य संख्या) | क वर्ग(२ देखि ४ जनासम्म सम्म परिवार सदस्य संख्या) | ग वर्ग( ४ जनाभन्दा माथि परिवार सदस्य संख्या) | | |
| १ | १ | ३७७ | ४० | १३९ | १९८ | भएको | |
| २ | २ | ६० | ९ | २६ | २५ | भएको | |
| ३ | ३ | १८७ | १५ | ८३ | ८९ | भएको | |
| ४ | ४ | २९२ | | | | | |
| ५ | ५ | १३४ | २६ | ५८ | ५० | भएको | |
| ६ | ६ | २३७ | ४० | १०० | ९७ | भएको | |
| ७ | ७ | २१२ | | | | | |
| ८ | ८ | १६३ | ३१ | ८५ | ४७ | भएको | |
| ९ | ९ | १९८ | ५० | ८१ | ६७ | भएको | |
| १० | १० | ५७ | २ | २० | ३५ | भएको | |
| ११ | ११ | ११९ | २२ | ६३ | ३४ | भएको | |
| १२ | १२ | १५३ | २३ | ६६ | ६४ | भएको | |
| १३ | १३ | १०७ | १४ | ४१ | ५२ | भएको | |
| जम्मा | | | | | | | |

उल्लेखित बमोजिम राहत वितरण गर्दा सर्वपक्षीय, सर्वदलीय संयन्त्र मार्फत वडा कार्यालयबाट वितरण गर्ने निर्णय गरियो । माथी समावेश भएको सूचीमा छुटेका घरपरिवारहरु वडा कार्यालयको सर्वपक्षीय राहत समन्वय समितिबाट निर्णय भई आएमा पुन : कार्यपालिकामा पेश गर्ने निर्णय गरियो ।

प्रस्ताव नं २ : देहाय बमोजिम राहत सामाग्री खरिदको खर्च समथर्न गर्ने सम्बन्धमा ।
निर्णय नं २ : राहत वितरण गर्नका लागि खरिद गरिएको सोना मन्सुली चामल ४०,००० केजी चामल प्रति केजी रु. ३९/- का दरले जम्मा रु. १५,६०,०००/-(पन्ध्र लाख साठी हजार) र सुर्यमुखी तेल १,७०० लिटर प्रति लिटर रु. १६०/- का दरले जम्मा रु. २,७२,०००/-(दुई लाख बहत्तर हजार) खर्च भुक्तानी समर्थन गर्ने निर्णय गरियो ।

प्रस्ताव नं ३ : राहत सामाग्री ढुवानी सम्बन्धमां ।
निर्णय नं ३ : बिक्रेताको काउन्टरबाट वडा-वडाको राहत वितरण केन्द्र(बुथ)सम्म पुऱ्याउन लाग्ने ढुवानी, लोड अनलोड, प्याकिङ सामाग्रीहरु, लगायतका खर्चहरु भुक्तानी गर्ने निर्णय गरियो ।

प्रस्ताव नं ४ : घाँसको बीऊको लागि बजेट विनियोजन गर्ने सम्बन्धमा ।
निर्णय नं ४ : नगरपालिका क्षेत्रमा पशुपालक कृषकहरुलाई उन्नत जातका घाँसको बीऊ वितरण गर्नका लागि साझा सहकारी व्यवस्थापन शिर्षकबाट रु. ५(पाँच) लाख रकमान्तर गरी खर्च गर्ने तथा सोको अनुमोदन आगामी नगर सभाबाट गर्ने निर्णय गरियो ।

प्रस्ताव नं ५ : सञ्चार सम्वन्धी खर्च व्यवस्थापन गर्ने सम्बन्धमा ।
निर्णय नं ५ : सञ्चार उपसमितिको लागि कोरोना भाइरस सम्बन्धी जनचेतना अभिवृद्धि गर्ने सम्बन्धी जनचेतनामूलक सन्देश सामाग्री उत्पादन तथा प्रशारण गर्न बढीमा रु.१(एक लाख) सम्म खर्च गर्ने निर्णय गरियो ।

प्रस्ताव नं ६ : जोखिम भत्ता तथा सञ्चार खर्च उपलब्ध गराउने सम्बन्धमा ।
निर्णय नं ६ : कोरोना भाइरस कोभिड १९ को जोखिम न्युनिकरण, नियन्त्रण तथा उपचार लगायतका कार्यमा खटिने कर्मचारीहरुलाई खाइपाई आएको तलब सुविधाको शत प्रतिशत जोखिम भत्ता उपलब्ध गराउने निर्णय गरियो । साथै सबै वडाका वडा अध्यक्षज्युहरुलाई एकमुष्ट रु. १,०००/-(एक हजार) का दरले सञ्चार खर्च उपलब्ध गराउने निर्णय गरियो ।

= खर्च नं. १ को तथ्याङ्क सन्तोषजनक नदेखिएको हुँदा छानबिन गरेर मात्र समावेश गर्नु पर्ने ।
= कोरोना न्यूनिकरण, रोकथाम तथा उपचारमा खटिने स्वास्थ्यकर्मी, सुरक्षाकर्मी तथा [illegible] कर्मचारीहरुलाई पहिलो, दोस्रो र तेस्रो घेरा अनुसार जोखिम भत्ता व्यवस्था